गाउँपालिका अध्यक्ष प्रेम बहादुर लामाले

गाउँ सभामा प्रस्तुत गर्नुभएको

नाम्खा गाउँपालिकाको स्थानीय सरकारको आर्थिक बर्ष २०८२।२०८३

# नीति तथा कार्यक्रम

स्थानीय सरकार

२०८२।३।१० गते

गाउँसभाका सदस्यज्युहरु,

नेपालको ऐतिहासिक राज्य पुनःसंरचना पश्चात दोश्रो स्थानीय तह निर्वाचनबाट गठित यस नाम्खा गाउँपालिकाको सम्मानित तेह्रौ गाउँसभामा आज हामिहरु उपस्थित छौं। यस अवसरमा म सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरुलाई हार्दिक स्वागत तथा टासिदेले भन्दछु ।

नेपालको संविधानमा मुलुकको राष्ट्रिय हित, सामाजिक न्याय सहितको लोकतान्त्रिक मुल्यमान्यतामा आधारित समतामुलक, सबल र समृद्ध नेपालको निर्माण गर्न संस्थागत प्रबन्ध गरिएको छ। राष्ट्रीय स्तरको १६औं पञ्चवर्षिय योजनाको "सुशासन,सामाजिक न्याय र समृद्धी"को सोच कर्णाली प्रदेशको दोस्रो आवधिक योजना(२०८१/०८२-०८५/०८६) को समृद्ध कर्णाली:सुखारी कर्णाली बासीको सोच र यस नाम्खा गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजना(२०७९/०८०-२०८३/०८४) को दिर्घकालिन सोच "शिक्षित नाम्खा र स्वावलम्बी नाम्खाली भन्ने सोचलाइ आत्मसात गर्दै संघियताको कार्यान्वयन पश्चात स्थानिय तहको स्थापना भइ दोस्रो कार्यकालको हामीले तीन वर्षको समयावधि पुरा गरिसकेको छ। यसै अवसरमा गाउँपालिका बासिहरुले हामिलाई दिनुभएको जिम्मेवारी बमोजिम यस नाम्खा गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को वार्षिक निति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरावान्वित भएको छु। यस घडीमा नेपाली जनताले मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागी गरिएको बलिदानको स्मरण गर्दै ज्ञात अज्ञात शहिद र पीडित नागरिकहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु।

नाम्खा गाउँपालिकाको आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिकि विकासको बाटोमा निरन्तर रुपमा अघि बढ्न गाउँपालिकाको दृढ इच्छाशक्ति रहेको छ। गाउँपालिको नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा आर्थिक वर्ष २०८१।०८२ मा गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रमहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छौं। यसै क्रममा आ.ब. २०८२।८३को वार्षिक नीति तथा कार्यक्रम र बजेटको तयारीका लागी जुटेका छौं। प्रचलित कानुन बमोजिम विगत वर्षमा स्विकृत भएका नीति तथा कार्यक्रमलाई समेत आधार मान्दै आम गाउँपालिकावासीको चाहना बमोजिम आगामी आ.ब.को नीति तथा कार्यक्रम तयार गरेका छौं। गाउँपालिकाका संयन्त्रलाई गतिशिल, सहभागितामुलक र जवाफदेहि बनाउदै उपलब्ध हुन सक्ने साधन स्रोतहरुको आधारमा आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम तय गरिएको र यसले गाउँपालिकाको समग्र विकासमा महत्वपुर्ण भुमिका खेल्ने विश्वास लिएको छु।

गाउँपालिकाको आ.ब. २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा नेपालको संविधान, संघिय सरकार र प्रदेश सरकारका चालु आवधिक योजनाहरु, दिगोविकासका लक्ष्यहरु, स्थानिय सरकार सन्चालन ऐन, २०७४, संघिय सरकार र प्रदेश सरकारको मार्गदर्शन, गाउँपालिकाको आवधिक योजना, स्थानिय तहको स्वमुल्यौंकनका सुचकहरु,गाउँपालिकामा गठित विभिन्न विषयगत समितिहरुबाट भएको निर्णयहरु गाउँपालिकाले आयोजना गरेको आ व २०८२।८३को वार्षिक नीति तथा कार्यक्रम र बजेट तयारी सम्बन्धी प्राप्त राय सुझाबहरुबाट प्राप्त मार्गदर्शनहरु तथा समाजका अगुवाहरुबाट निरन्तर रुपमा दिने राय सुझाबहरुका आधारमा यो वार्षिक निति तथा कार्यक्रम तयार गरी यस सम्मानित सभामा पेश गरेको छु।



अध्यक्ष

यस नाम्खा गाउँपालिकाका समग्र जनताहरुको सुशासन, सेवाप्रवाह र विकास निर्माण, आत्मनिर्भर हुने सपनालाई साकार पार्न प्रस्तुत नीति तथा कार्यक्रमका प्राथमिकताहरु देहाय बमोजिम हुनेछन।

१. बहुवर्षिय र क्रमागत योजनाहरु तथा गाउँपालिकाका योजनाहरु र अन्य आवश्यक पुर्वाधार निर्माणमा जोड दिइनेछ।
२. शिक्षा, स्वास्थ्य तथा समावेशी विकासमा जोड दिइनेछ।
३. कृषि, पशु विकास, सहकारी, पर्यटन र उद्योग व्यापारको विकासमा जोड दिइनेछ।
४. वातावरण संरक्षण, पर्यावरणिय प्रवर्द्धनमा जोड दिइनेछ।
५. सुशासन र संस्थागत विकासमा जोड दिइनेछ।

**गाउँसभाका सदस्यज्यूहरु**

अब म क्षेत्रगत रुपमा वार्षिक नीति तथा कार्यक्रम पेश गर्दछु।

**(१) सामाजिक विकास समिति**

**(क) आधारभूत तथा माध्यामिक शिक्षा सम्बन्धी,**

१. गाउँपालिका भित्र गुणस्तरीय शिक्षाका लागि प्राथमिकताका साथ सबै तहका विद्यालयहरुमा प्रभावकारी शिक्षण सिकाइ पद्धतिको विकासका लागि निरन्तर अनुमगन निरीक्षणलाई तिब्रता गरिनेछ ।
२. शिक्षण सिकाइलाई विस्तारै आधुनिक र विधुतिय सिकाइमा प्रवेश गराउन माध्यमिक स्तर सम्मको शिक्षालाई विधुतीय माध्यम (स्मार्ट वोर्ड) बाट बालबालिकालाई अध्ययन गराउन महाबौद्ध माविबाट शुरु गरीने छ । यसलाई विस्तारै सबै विद्यालयमा विकास गरिनेछ ।
३. गाउँपालिका यसै आ वमा पूर्ण साक्षर घोषणा भईसकेकोले यसलाई दिगो राख्न गाउँपालिका सदैव सजक रही घोषणालाई जिवन्त राखिने छ ।
४. शिक्षक दरवन्दी अनुसार पदपूर्तिको आवश्यक व्यवस्था गरी शिक्षा क्षेत्रको सिकाइमा सवल बनाउन सरुवा सहमति र लोक सेवा माग गरिनेछ।
५. शैक्षिक पात्रोलाई निरन्तर अवलम्वन गर्न विशेष जोड दिइनेछ।
६. विद्यालयमा कार्यरत शिक्षकहरुको क्षमता विकासका गराउन विभिन्न तालिम सञ्चालन गरिने छ।
७. हाल सन्चालनमा रहेका बाल शिक्षा केन्द्रहरुलाई नियमित सन्चालन गरिनेछ । सफल कार्यान्वयनका लागि नजिकको सामुदायिक विद्यालयबाट हेर्ने नीति लिइएको छ।
८. बालवालिकाको अधिकारलाई विशेष ध्यान दिनका लागि बालमैत्री वातावरण निर्माण, विकास र विस्तार गर्न यसै वर्ष बालमैत्री स्थानीय शासन अवलम्बन गरीने छ ।
९. सम्वोटा लिपीमा स्थानीय पाठ्यक्रम निर्माण भइसकेकाले यसलाई दिगो रुप दिन यसै वर्षमा स्थानीय पाठ्यपुस्तक तयारी गरिने छ ।



CamScanner

१०. हाल सन्चालनमा रहेका आवासिय विद्यालयहरुलाई अझै सुविधायुक्त र प्रभावकारी बनाउन गैह् सरकारी निकाय सँग आवश्यक साझेदारी गरी गाउँपालिकाको सहलगानी गरिनेछ । सहयोगी निकायको थप खोजि गरिदै जाने लक्ष्य लिइएको छ ।

११. प्रयोगात्मक ज्ञान र सिपको विकासलाई रहेका विज्ञान र कृषि प्रयोगशालालाई सन्चालनमा निरन्तता दिइने छ ।

१२. शिक्षा सिकाइमा उत्कृष्ट हुने वालबालिकालाई सहुलियत सिकाइका लागि छात्रवृद्धी उपलब्ध गरिने छ ।

१३. महिनावारी व्यवस्थापनको लागि Sanitary Pad लाई व्यवस्थित तरिकाले डिस्पोजल गर्न विद्यालयमा उचित तरिका अपनाईने छ।

१४. गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको भौतिक पुर्वाधार विकासमा प्रथमिकता दिदै विद्यालयको भवन, पुस्तकालय, प्रयोगशालालाई क्रमश अपाङ्गमैत्री पुर्वाधारको निर्माण, बालमैत्रि शौचालय र फर्निचर जस्ता पुर्वाधारमा लगानीक्रमश वढाइनेछ।

१५. शिक्षण सिकाइ कार्य तथा शैक्षिक क्षेत्रका विभिन्न महत्वपुर्ण कार्यलाई प्रभावकारी बनाउन गाउँपालिका अध्यक्षसंग प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका साथै समुदाय भन्ने कार्यक्रमलाई विशेष जोड दिई शैक्षिक सुधार योजना निर्माणको लागी पहल गरिनेछ । साथै संचार र अनुगमन व्यवस्थाको पाटोलाई निरन्तर प्रणालीको रुपमा विकसित गरिनेछ। पालिका क्षेत्रभित्रमा प्राविधिक विषयको पठनपाठन गराइरहेका विद्यालयहरुको लागी आवश्यक सहयोगको लागी पहल गरिनेछ।

(ख) खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्वन्धी,

१. विद्यालयका विद्यार्थीहरुको शारीरिक विकासलाई सघाउ पुर्याउन उद्येश्यले आन्तरिक तथा वाह्य खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

२. प्रत्येक विद्यालयमा नियमित शुक्रवारे अतिरिक्त क्रियाकलाप अनिवार्य गराउने नीतिलाई निरन्तता गरिनेछ ।

३. गाउँपालिकास्तरीय खेलकूद परिषद (गाखेप) गठन गरी गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

४. गाउँपालिका अन्त्रगर्तका विद्यालयहरुमा अध्ययनरत बालबालिकाको शाररिक विकासका लागि अध्यक्ष कप प्रतियोगितालाई निरन्तता दिदै अझ थप खेलकूद अझ प्रभावकारी ढंगले प्रतियोगिता गरीने छ ।

(ग) आधारभूत स्वास्थ्य तथा सरसफाई सम्वन्धी



... बहादुर लामा
अध्यक्ष

CamScanner

१. सबै तहका विद्यालयहरुमा आधारभूत किसिमको बालमैत्री खानेपानी तथा शौचालय लगायतका सबैखाले सुविधाको उचित व्यवस्था गर्न कार्यक्रम सन्चालन गरिने छ।

२. सबै स्वास्थ्य संस्थाहरुमा आवश्यकीय औषधि र अत्याधुनिक उपकरणको आपूर्ति निरन्तरता दिइनेछ । साथै सबै संस्थाहरुमा जनशक्तिको उचित व्यवस्थाप मिलाइने छ ।

३. सबै संस्थाहरुलाई स्वच्छ वातावरणीय संस्थाका रुपमा विकास गर्न आवश्यकिय मापदण्डलाई ध्यानमा राखी सुविधा सम्पन्न स्वास्थ्य संस्थामा रुपान्तरण गर्ने नीति लिइएको छ ।

४. पूर्ण खोपयुक्त गाउँपालिका घोषणा भइसकेकाले यसलाई निरन्तता दिन आवश्यक पहल गरिनेछ।

५. होम डेलिभरी कार्यलाई निरुत्साहित गर्दै स्थास्थ्य संस्थामा मात्र डेलिभरी गराउने परिपाटीको विकास गरी होम डेलिभरीलाई शुन्यमा पुर्याइने छ ।

६. हिल्सामा हाई अल्टिच्यूट रेस्क्यू सेन्टर स्थापना भइसकेको हुँदा आवश्यक स्वास्थ्य सामाग्रीको व्यवस्थापन गरिसकिएकाले यसलाई यसै आगामी बर्ष २०८२।०८३ बाट पूर्ण सन्चालनमा ल्याइने छ ।

७. यस बर्षमा पनि उच्च चिकित्सकबाट विभिन्न रोगको निदानका लागि अपांग, बृद्धा र सर्वसाधारण एवं महिला बालबालिकाहरुलाई निशुल्क स्वास्थ्य शिविर सन्चालनका लागि निरन्तता दिइने छ ।

८. यस बर्षमा पनि हरेक रोगको स्क्रिनिङ गरी रोगको पहिचान गराउने र उपचारका लागि सहज बनाइने छ ।

९. विभिन्न रोगबाट ग्रसित भई उपचार गर्न नसकेका अति विप्पन्न घरपरिवारका विरामीहरुलाई राहत स्वरुप आर्थिक सहायता लाई निरन्तरता दिइने छ साथै गाउँपालिका भित्रका कुनै पनि गर्भवती, सुत्केरी आमा र शिशुलाई अकाल मृत्युबाट जोगाउने मातृमृत्य तथा नवजात शिशु आकस्मिक कोषको स्थापना गरिनेछ।

१०. पोषण सुरक्षित मातृत्व सम्वन्धी तथा अन्य आधारभुत स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गरिनेछ। वहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत पोषणमैत्री स्थानिय शासन घोषणका लागी आधार तयार गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

११. गाउँपालिकामा प्रजनन स्वास्थ्य, वालस्वास्थ्य, परिवार नियोजन, विभिन्न खाले सर्ने र नसर्ने रोगहरु, पेशागत स्वास्थ्य, वातावरणीय स्वास्थ्य, मानसिक स्वास्थ्य, सुर्तिजन्य र मदिराजन्य पदार्थ तथा लागुपदार्थको असर सम्वन्धी स्वास्थ्य शिक्षा तथा सचेतनामुलक कार्यक्रमहरु सन्चालन गरिनेछ।

१२. गाउँपालिकामा फैलिने सक्ने महामारी प्रकारका सरुवा रोग नियन्त्रणका लागि आवश्यक स्वास्थ्य उपकरण तथा औषधी र स्वास्थ्य जनशक्तिको उचित व्यवस्था गरिने छ ।

**लैंगिक समानता तथा सामाजिक सुरक्षा सम्वन्धी (लैंगिक समानता, बालबालिका, किशोर किशोरी तथा युवा, गता भएका व्यक्ति तथा जेष्ठ नागरिक),**

प्रेम बहादुर लामा
अध्यक्ष

१. गाउँपालिकाबाट लैंगिक समानताको सुनिश्चितता लैंगिक बजेटको व्यवस्था गरी फरक क्षमता भएका हरेक नागरिकहरुलाई सम्बन्धित वडामा गई अपांगता परिचय पत्र वितरण लाइ निरन्तरता दिइनेछ ।

२. महिला, बाल, अपांगताको लागि शिक्षा स्वास्थ्य रोजगारी जस्ता हकहित र अधिकारका लागि लक्षित वर्ग कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ ।

३. बाल अधिकारलाई सुनिश्चिता गराउने यसै वर्ष बालमैत्री स्थानीय शासन कार्यविधि तयार गरी लागु गरिने छ ।

४. महिला विरुद्ध हुने सबै प्रकारका हिंशा, छुवाछुत तथा शोषण र भेदभावको अन्त्य गरि समतामुलक समाज निर्माण गर्न महिलालाइ कानुनी अधिकार सम्बन्धी तालिमको आयोजना गरिनेछ।

५. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सहयोगमा ज्येष्ठ नागरिक मिलन केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना र संचालनमा आवश्यक समन्वय गरिनेछ।

६. वालश्रम, बालविवाह, बहुविवाह, जस्ता कुप्रथा रोकथाम तथा घरेलु हिंसा अन्त्यका लागी टोल विकास संस्था, नागरिक समाज, निजी क्षेत्र र गैरसरकारी संस्थासंगको सहकार्यमा सचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ।

७. महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, युबा, दलित, पछाडि परेको वर्ग, अपाङ्गता भएका व्यक्ति आदिलाई लक्षित गरि विभित्र लक्षित कार्यक्रमहरु संचालन गरिनेछ। आवश्यकता अनुसार थप सशक्तिकरणका कार्यक्रमहरु समेत सन्चालन गरिने छ।

(ङ) गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्बन्धी,

१. गाउँपालिकाको विकासको लागि गैरसरकारी संस्था, युवा क्लव, सहकारी र सामाजिक संस्थाहरुलाई संधै सहकार्य र सहलगानी एवं सहयोग गर्दै आवश्यक समन्वयको माध्यमबाट स्रोत परिचालन तथा नियमन गर्ने नीति लिइएको छ ।

२. गाउँपालिकाको विकासका लागि गैरसरकारी संस्था तथा लगानीकर्ता संग सहकार्यमा जोड दिइने छ ।

३. गै.स.सं लाई वढी भन्दा वढी पुंजीगत खर्च गर्ने र गराउने नीतिलाई निरन्तता गरिनेछ।

(च) सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी,

१. गाउँपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई चुस्त र दुरुस्त राख्न बायोमेटिक प्रणाली लागु भइसकेकाले यसलाई निरन्तता दिइनेछ ।

२. प्रत्येक वडाहरुको तथ्यांक अद्यावधिक निरन्तता गरिनेछ ।



प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner

३. तथ्यमा आधारित सुरक्षा भत्ता वितरण गर्ने प्रणालीको विकास अझ प्रभावकारी र व्यवस्थित गरिनेछ ।

४. सामाजिक सुरक्षा सम्बन्धी सुविधा प्रदान गर्न सम्भव नभएका स्थानमा गाउँघर अभियानद्वारा सामाजिक सुरक्षा उपलब्ध गराउने कार्यलाई निरन्तता दिइने छ ।

५. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित गर्न सिटिजन बैंकको समन्वय र सहकार्यमा भत्ता प्रत्येक वडा कार्यालयहरुबाट नै तिनतिन महिनामा वितरण हुने कार्यलाई जोड दिइनेछ।

(छ) संस्कृति, सम्पदा, ललित कला तथा पर्यटन प्रवर्द्धन सम्बन्धी,

१. सबै वस्तीमा रहेका संस्कृति धरोहरका कला तथा संस्कृतिको अभिलेखीकरण गर्न एउटा छुट्टै युनिट खडा गरी अभिलेखिकरण तयार गरिनेछ ।

२. पर्यटकीय दृष्टिकोणले स्थानीय कला संस्कृतिलाई जोगाइ राख्न कला र संस्कृति प्रर्दशनको लागि महोत्सवहरु आयोजना गर्ने नीतिलाई निरन्तता दिइनेछ।

३. संस्कृतिका धरोहर विभिन्न चार्डपर्व, पोशाक र गरगहना एवं स्थानीय वस्तुहरुलाई अझ व्यवस्थित र मनोरञ्जक वनाउन वृत्तचित्र, ब्रोसर, लेख रचना मार्फत वाहिरी समुदाय र देश विदेश सम्म प्रचार प्रसार यसै आ.व बाट शुरु गरिनेछ ।

४. यस गाउँपालिकाको पर्यटन विकास गुरुयोजना सफल र प्रभावकारी तथा उपलब्धीमुलक वनाउन पर्यटकिय स्थलको पहिचान र सर्भेक्षण गरी अभिलेखिकरण गरिनेछ ।

५. पहिचान भएका पर्यटकीय गन्तव्यहरुको भौतिक पूर्वाधार निर्माण गरी विकास र विस्तार गरि पर्यटन प्रवर्द्धनमा विकास गरिनेछ।

६. पर्यटनमैत्री वन्यजन्तु, वन तथा वातावरण संरक्षण र सम्वर्द्धन तथा पहिचानका सुचना वोर्डहरु र केन्द्ध स्थापना गरिनेछ । नाम्खाका सबै खाले चाडपर्व, जात्रा, महोत्सव आदिलाई ब्रान्डिङ वनाउन स्थानीयवासीलाई सकृय वनाउन विभिन्न कार्यक्रमहरु जस्तै होमस्टे सञ्चालन र संग्राहलय भवनमा सास्कृतिक सत्कार आदि गरिनेछ ।

७. लिमि लाप्चा, शिव कुण्ड र रानीशैन लगायतका क्षेत्रमा आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्नको लागी आवश्यक पुर्वाधार निर्माणमा जोड दिइनेछ।

(२) पूर्वाधार विकास समिति

क) सडक तथा यातायात व्यवस्था सम्बन्धी,

१. गाउँपालिका सबै वस्तीहरुमा यातायात सुविधा पुर्याउने नीति लिइएको छ । जसमा चाला ,ताङगिन,तिल र गाडापारी गाउँलाई सडक सञ्जालसंग जोड्न विशेष पहल कदमी गरिनेछ।

२. गाउँपालिकाको सडक गुरुयोजना यसै आ.वमा तयार गरिनेछ ।



प्रेम बहादुर लामा
अध्यक्ष

३. रोसिफुङ देखि तिलजुङ हुँदै हिल्सा जोड्ने वैकल्पिक मोटरबाटोलाई हिल्सा जोड्ने कार्यलाई निरन्तरता दिइएको छ ।

४. यस गाउँपालिका भित्र रहेका नदी र खोलाहरुबाट आवागमनलाई सरल बनाउन काठेपुल र झोलुङ्गे पुलको निर्माण तथा मर्मतलाई निरन्तरता दिइनेछ ।

५. यगलगाउँ देखि चाला हुँदै नेपाल हिमालसम्मको लागी पदमार्ग निर्माण कार्यलाई निरन्तरता दिइने छ।

६. आवश्यकता र सडक गुरु योजना अनुसार पालिका भित्रका विभिन्न सडकहरुको मर्मत सम्भारमा जोड दिइ सडक यातायातलाई सहज बनाइनेछ।

(ख) जलविद्युत, ऊर्जा, सडक बत्ती सम्बन्धी,

१. गाउँपालिकालाई पूर्ण विद्युत सुविधायुक्त बनाउन जलविद्युत र सौर्य ऊर्जा जडान गईसकेकोले यसको निरन्तर प्रयोगको लागि आवश्यक व्यवस्थापनमा निरन्तरता दिइने नीति लिइएको छ ।

२. जलविद्युत र वैकल्पिक ऊर्जाहरुको प्रवर्द्धनका लागि गाउँपालिका सदैव जिम्मेवारी रहने र सबै बस्तिहरुमा झरो मुक्त नीति लिइनेछ।

(ग) सिंचाई तथा जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी,

१. गाउँपालिकाको उर्वर जमीनमा उत्पादनको क्षमता वृद्धि गर्न र कृषि व्यवसायलाई थप व्यवस्थित र आत्मनिर्भर बनाउन सिंचाइ प्रणालीको उचित व्यवस्था गर्दै कृषि उत्पादनमा विशेषता ल्याउन सिंचाइको सुविधा पुर्याउने, पुरानो स्थानमा मर्मत सम्भारको उचित व्यवस्था मिलाइने छ।

२. वर्षेनी सुख्खा खडेरमा पर्ने गरेका किसानहरुको खेती जोगाउन सिंचाइको नयाँ प्रविधिको थ्रिफकल सिंचाईको विकास र विस्तार गरी आधुनिक कृषि प्रणालीको विकास गाउँपालिका उन्मुख गराउँदै लगिने छ।

३. जलउत्पन्न प्रकोप नियन्त्रणको लागि जोखिमयुक्त स्थानको पहिचान गरी प्रकोप नियन्त्रणका लागि तटबन्धन तथा अन्य आपतकालिन व्यवस्था मिलाइनेछ ।

घ) सूचना सञ्चार प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन सम्बन्धी,

१. आगामी वर्षमा यस गाउँपालिकाको 4G सेवालाई विस्तार गरी सञ्चार सेवा नपुगेका बस्तीहरु हिल्सा,चाला,केर्मी र ताङगिनमा पुर्याउने लक्ष्य लिइएको छ ।

२. स्थानीय तहबाट प्रवाह हुने सबै सेवालाई थप प्रभावकारी र उपलब्धीमुलक बनाउन आवश्यक पर्ने सफ्टवेयरको व्यवस्था गरी प्रविधिमैत्री बनाईनेछ र यसमा कर्मचारीहरुको क्षमता विकास गराई संस्थागत सुधार गरिनेछ।

नाम्खा गाउँपालिका



प्रेम बहादुर लामा
अध्यक्ष

३. गाउँपालिका भित्र रेडियो, टेलिभिजन, पत्रपत्रिका, प्रेस क्लब, अनलाई पत्रिकाहरु स्थापित हुन आएमा कानुनी दायरामा ल्याइ दर्ता गराइने छ। त्यसरी दर्ता हुन आएकालाई आवश्यक सहयोग गरिनेछ। साथै नियमित रुपमा पत्रकार भेटघाट तथा सम्मेलन कार्यक्रम मार्फत गाउँपालिकाका समग्र गतिविधिहरुलाई गाउँपालिकाबासीहरु समक्ष पुर्याइनेछ।

(ङ) खानेपानी व्यवस्थापन सम्बन्धी,

१. दिगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजनाबाट निर्माण भएका सबै स्थानका खानेपानी आयोजनालाई दिगोपना ल्याउन नियमित संरक्षण र मर्मत सम्भारको व्यवस्था लागु गरिनेछ ।

२. स्थानीयवासीहरुको स्वास्थ्यमा ध्यान राखी स्वच्छ खानेपानी समुदायमा उपयोग गर्न खानेपानी ल्यावको स्थापना भई सकेकोले आगामी बर्षहरुमा सबै वस्तीका खानेपानीको गुणस्तर परिक्षण गरी मात्र उपयोग गर्न दिइने छ ।

३. कर्णाली प्रदेशको खानेपानी गुणस्तर सुधार योजना अनुसार यस गाउँपालिकाले प्रत्येक घरमा एक घर एक धारालाई निरन्तर अभियानका रुपमा लिने र वास प्लान वनाई सबै वस्तीमा स्वच्छ खानेपानीको सुविधा प्रदान गर्न आवश्यक योजनाहरु कार्यान्वयन गरिनेछ । सबै घरधुरीहरुमा शत प्रतिशत सुरक्षित खानेपानी भएको पालिका वनाउन आवश्यक कदम चालिने निति लिइएकोछ।

(च) भवन तथा भवन संहिता एवम् निर्माण इजाजत सम्बन्धी,

१. गाउँपालिकाको दिगो विकास र व्यवस्थित वसोवासको लागि भवन संहिता तथा मापदण्ड वनाई सोही अनुसार आधुनिक वसोबासको विकास गरिनेछ ।

२. अव बन्ने नयाँ घरहरुलाई भुकम्परहित र सुविधा सम्पन्न बनाउन अभिप्रेरित गर्ने नीति लिइनेछ ।

३. जोखिम र सार्वजनिक सुविधाबाट विमुख वस्तीहरुलाई उपयुक्त स्थानमा स्थानान्तरण र हेप्का, चाला जाँग, हल्जी, तिल, न्याम र गारपारी बस्ती विकास गर्न आवश्यक पहलको निरन्तता गरिनेछ ।

४. गाउँपालिकाबाट गरिने जनसेवालाई सहज बनाउन आगामी बर्ष २०८२।०८३ देखि प्रशासकीय भवनको निर्माण कार्य शुरु गरिने छ ।

५. अन्तराष्ट्रिय सीमा बजार हिल्सा नाम्खा गाउँपालिकाको सान भएकाले यसलाई स्मार्ट सिटी र तुम्लिङ, याल्वाङ र लेकधिगालाई उच्च हिमाली नमूना शहरका रुपमा विकास गर्न पहल गरिनेछ।

(छ) जग्गा नापी तथा नक्सा, घरजग्गा धनीपुर्जा, भू-उपयोग तथा वस्ती विकास सम्बन्धी



...म बहादुर लामा
अध्यक्ष
CamScanner

१. पालिकाको जग्गाको बर्गीकरण भएअनुसार भू उपयोग नीति लागु गरिनेछ ।
२. यसै आर्थिक वर्षबाट प्रत्येक वडाको जग्गालाई मुल श्रेस्ताबाट छुट्टा छुट्टै श्रेस्ता खडा गरिने छ ।
३. गाउँपालिकाको सिमाना र वडा सिमानालाई एकिन गराउन आवश्यक पहल गरिने छ ।
४. गाउँपालिका भित्र रहेका सार्वजनिक स्थलको जगेर्ना र सार्वजनिक उपयोगको छुट्टै योजना तथा कार्यक्रम ल्याई व्यक्तिगत उपयोगमा निरुत्साहित गरिनेछ ।

(ज) सार्वजनिक निजी तथा सामुदायिक साझेदारी सम्बन्धी

१. सार्वजनिक विकास निर्माणको लागि सार्वजनिक निजी तथा सामुदायिक साझेदारी गर्न सहकार्य र सहलगानी गर्ने नीतिलाई प्रभावकारी रुपमा लागु गर्न निरन्तता दिइनेछ ।

(३) आर्थिक विकास समिति

(क) कृषि, पशुपन्छी तथा सहकारी सम्बन्धी,

१. स्थानिय रैथाने (अर्गानीक) वालीको उत्पादनका लागि समुदायीकमा अनिवार्यताको नीति लगिने छ । बाँझो जग्गाको उपयोगका लागि आवश्यक पहल गरिनेछ ।
२. स्थानीय उत्पादनलाई अभिवृद्धि गराउन र किसान आत्मनिर्भरका लागि अन्नवाली र नगदेवालीको उत्पादनमा वढि जोड दिइने छ । स्थानीय बजार र बजारीकरणका लागि खाद्य संस्था संग सम्झौता गरी लागत साझेदारीमा रैथाने बाली लाई प्रबर्द्धन गरिनेछ ।
३. यो गाउँपालिका पशुपालनको छनौट भएका आगामी वर्षदेखि पशुपालन पकेट क्षेत्रका रुपमा विकास र विस्तार गरिनेछ ।
४. पशुपालन व्यवसायलाई आधुनिकरण गर्न उन्नत खालका भेडा च्याङग्रा तथा चौरी पकेटको व्यवस्था गरी नश्ल सुधारको माध्यमबाट पशु उत्पादनमा वृद्धि तथा खर्क व्यवस्थापनमा उचित नीति लिइनेछ।
५. पशु व्यवसायलाई प्रभावकारी तथा उत्पादनयोग्य वनाउनका पशु विमालाई निरन्तरता दिइनेछ ।
६. रैथाने वालीको उत्पादनलाई वृद्धि गर्न पकेट क्षेत्र निर्धारण गरिनेछ । कृषि उत्पादनको बजारिकरण गर्न संकलन तथा बिक्री केन्द्र स्थापना गरिनेछ ।
७. गाउँपालिकाले स्थापना भएको याल्वाङ् कृषि ज्ञान केन्द्रलाई अझ सुदृढिकरण गर्दै कृषकको उपयुक्त सिकाइको केन्द्रका रुपमा विकास गर्ने ।

प्रेम बहादुर लामा
अध्यक्ष

८. व्यवसायिक कृषक छनोट गरी *जसको फर्म उसैलाई बिरुवा* अवधारणा अनुसार बिरुवा वितरण गरिनेछ । साथै फलफुल खेति र चुली खाँबु पकेट विस्तार गरी कृषि यान्त्रिकिकरणलाई बढवा दिइने छ ।

९. उत्कृष्ट बेमौसमी तरकारीको उत्पादन बढाउनका लागि व्यवसायिक टनेल हाउस वा ग्रीन हाउस पाल साथै कृषि आधुनिक उपकरण वितरणमा २५ प्रतिशत कृषकको लगानी र ७५ प्रतिशत अनुदान सहयोगमा उपलब्ध गराउने नीतिलाई अझ प्रभावकारी गरिनेछ ।

१०. कृषि पकेट क्षेत्र विकासका लागि सम्बद्ध र सरोकारवाला निकायसँग लागत साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

११. नाम्खाको समग्र कृषि विकासका लागि हरेक गाउँमा कृषि तथा पशुपन्छी विकास समिति बनाइनेछ ।

१२. गाउँपालिकामा हुन सक्ने पशु महामारी नियन्त्रणका आवश्यक व्यवस्था मिलाइने छ ।

१३. कृषि ब्राण्डलाई व्यवस्थित विक्री केन्द्रका रुपमा स्थानीय राष्ट्रिय र अन्तराष्ट्रिय बजार (चीनको ताक्लाकोट, सिमकोट बजार, नेपालगंज, सुर्खेत र काठमाडौं) सम्म मुख्यबजारिकरणका रुपमा विस्तार गरी ब्राण्ड सेल र प्रचार प्रसारको नीति लिइएको छ ।

**(ख) उद्योग तथा उद्यमशीलता विकास, वाणिज्य, पर्यटन र खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी,**

१. स्थानीय उद्यमीलाई उचित तालिम तथा प्रविधि हस्तान्तरण गरी स्थानीय उत्पादन वृद्धि गराउन प्रेरित गरिनेछ ।

२. गाउँपालिकास्तरिय बेरोजगारहरुको तथ्यांक संकलन गरी तिनीहरुको क्षमता र चाहाना अनुसार सम्भव भएका क्षेत्रमा करिब २०० जनालाई सिपमुलक तालिम सन्चालन गरी आर्थिक आत्मनिर्भर बनाउने नीति लिइ प्रतक्ष्य स्वरोजगार बनाइने छ ।

३. स्थानीय स्रोत साधनको पहिचान भएका र उपलब्ध हुने जडीबुटीको खरिद, प्रशोधन र विक्री तथा पहिचानमा नआएका जडीबुटीको विषयमा खोज अनुसन्धान गर्ने व्यवस्था मिलाइनेछ । यसका लागि स्थानियबासीको साझेदारीमा निजि क्षेत्रका कम्पनीहरुलाई उत्प्रेरित गराउने नीति लगिएको छ ।

४. उद्योगीहरुको हक हित र औद्योगिक विकासका लागि नाम्खा उद्योग वाणिज्य संघ स्थापना गरिनेछ ।

५. साना तथा घरेलु उद्योग दर्ता गरि संचालन गर्न चाहाने उद्यमीहरुलाई उद्योग दर्तामा लाग्ने शुल्क सहित आवश्यक मेसिन औजारमा २५ प्रतिशतसम्म अनुदान पालिकाले नै व्यहोर्ने गरि कार्यविधि निर्माण गरि कार्यान्वयन गरिनेछ।

प्रेम बहादुर लामा
अध्यक्ष



नाम्खा गाउँपालिका
CamScanner

६. मेरो सिप ,मेरो व्यवसाय अभियान सञ्चालन गरी स्थानिय सिपमा आधारित उत्पादनलाईव्यवसाय सँग जोड्ने वातावरण निर्माण गरिनेछ ।

७. गाउँपालिका भित्र दर्ता भएका उद्योगहरुको अद्यावधिक विवरण संकलन गरी डिजिटल उद्यम प्रोफाइल निर्माण गरिनेछ ।

(ग) सहकारी तथा वित्तीय क्षेत्र,

१. विकासमा सहकारी स्वदायित्व र अपनत्वको अनुभव गर्ने गराउने व्यवस्था मिलाइनेछ । सवै सहकारी संस्थाहरुलाई सहकारी ऐन नियमानुसार डायरामा ल्याउन एक छुट्टै शाखाको स्थापना गरी तथ्यांक अध्यावधिक गरी आर्थिक र प्राविधिक विवरण अनलाइनमा राख्ने व्यवस्था मिलाइने छ ।

(घ) रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरण सम्बन्धी

१. गाउँपालिका भरीका युवाहरुको योग्यता सीप र क्षमताको अभिलेखीकरण गर्न विधुतिय सफ्टवयरको विकास गरी यसैबाट बर्षेनी तथ्यांक अध्यावधिक गरिनेछ ।

२. स्थानीय युवाहरुलाई स्वरोजगार हुने खाल्का क्षेत्र जस्तै साना तथा मझौला उधोग होटल, कृषि, पशुपालन, व्यापार, र पर्यटन जस्ता व्यवसायलाई बढवा दिई व्यवसायीक सञ्चालनकर्तालाई आवश्यक तालिमको व्यवस्था गरी व्यवसाय प्रति अभिप्रेरित गरिनेछ ।

३. स्वरोजगार सिर्जनामा गाउँपालिकाको लागत साझेदारीबाट रोजगार सेवा केन्द्रलाई सक्षम सवल वनाई कार्यान्वयन गरी वेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संग्लन गराईने छ।

(४) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति

(क) वन, वन्यजन्तु, भू-संरक्षण तथा जैविक विविधता संरक्षण सम्बन्धी,

१. वनलाई जोगाउन र भू क्षय रोक्न तथा चोरी निकासीलाई न्यूनिकरण गर्न समुदायलाई नै अभिप्रेरित गराउँदै वडास्तरिय वन उपभोक्ता समितिको गठन र परिचालन गरिनेछ ।

२. जिउँदो रुख काटी प्रयोगमा ल्याउने प्रवृतिलाई निरुत्साहित गर्न "सुकेकोलाई काममा लगाउँ हरियोलाई जोगाउँ" भन्ने मान्यता अनुरुप व्यक्ति र फर्निचर उद्योग सञ्चालनमा ल्याउन सहजीकरण गरिनेछ ।

३. गाउँपालिका हिंसामुक्त घोषणा भईसकेकाले वन्यजन्तुको संरक्षण र सम्बर्धन गर्न संरक्षण क्षेत्रको नियमन र सहयोगी संघ संस्थाहरु सँग सहकार्य गरिनेछ ।यसको लागि वृत्रचित्र निर्माण, प्रचार सामाग्री लेखन तथा प्रकाशन गरी पर्या पर्यटन विकासमा जोड दिइनेछ ।

४. जडिवुटि उत्पादन तथा उतखनलाई व्यवस्थित गर्न जडिवुढिको अवस्थालाई हेरी निकासीको अनुमति प्रदान गरिने छ । यसलाई करको दायरामा ल्याउन वडास्तरिय विशेष संयन्त्रको तयार गरी परिचालन गरिनेछ ।



प्रेम बहादुर लामा
अध्यक्ष

५. खालिरहेको सरकारी जग्गाहरुमा वृक्षारोपण र डढेलो र चोरी शिकारलाई नियन्त्रण गर्न उचित पहल गरिनेछ।

(ख) वातावरण, पर्यावरण एवम् जलाधार क्षेत्र संरक्षण सम्बन्धी,

१. स्थानीय वातावरणलाई स्वच्छ र सफा तरिकामा जोगाइ राख्न प्रदुषित वस्तुहरुको प्रयोगलाई निरुत्साहित र प्लाष्टिक जन्य न्युनिकरण गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. वातावरण जोगाउन टोल विकास समितिका युवा वर्गलाई परिचालन गरी गाउँघर टोल छिमेकीहरुको घरआगन सफासुघर वडास्तरमा सफासुघर कार्यक्रम लागु गरी पूर्ण सरसफाई वडा घोषणा गर्ने नीति लिइएकोछ ।

३. गाउँपालिका भित्र रहेका विभिन्न तालतलैया, पानीको मुल, नदिनाला, तथा खोलामा फोहोरमैलामुक्त राख्न हामी सबैको दायित्व भएकाले यसलाई सधै सफा राख्न पहल गरिने छ।

४. गाउँपालिका र बाह्यबाट निर्माण हुने सबै खाले आयोजनाहरु वातावरण अनुकुलन तथा जलवायु मैत्री बनाउने नीति लिइनेछ ।

५. वन फडानी, डढेलो तथा आगलागी, जथाभावी रुख कटान जस्ता वन विनाशका कार्यलाइ न्युनिकरण गर्न र बाढी, पहिरो तथा भुकम्पबाट बच्न तथा जोगिनको लागी व्यापक रुपमा प्रत्येक वडा वडामा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

६. वातावरणको संरक्षण तथा सम्वर्द्धन गर्ने कार्य र विपद व्यवस्थापनको लागी विपदमा परेकालाई तत्कालै उद्धार राहत र सहयोगका कार्यक्रमहरु संचालन गरिनेछ।

७. यसको लागी गाउँपालिकाका कर्मचारी, जनप्रतिनिधि, स्थानिय जनता, नेपाल प्रहरी र आवश्यकता अनुसार सशस्त्र प्रहरी नेपाल र विभिन्न सरकारि तथा गैरसरकारी संघसंस्थासंग तत्कालै समन्वय गरी विपदबाट हुने क्षेतिलाइ न्युन तथा रोकथाम गरी उद्धार र राहातको लागी विशेष व्यवस्था गरिनेछ।

(ग) फोहरमैला व्यवस्थापन सम्बन्धी,

१. "हाम्रो नाम्खा, स्वच्छ नाम्खा" निर्माण गर्न विद्यालय र गाउँस्तरिय युवावर्गलाई अभिप्रेरित गरी सामुहिक कार्यक्रम सन्चालन गरिनेछ ।

१. जलवायु परिवर्तन तथा विपद् जोखिमबाट जनमानसमा प्रतक्ष्य प्रभाव पर्ने भएकाले यसलाई दिर्घकालिन न्यूनिकरण गर्न विपदबाट जोगिनका लागि जोखिमयुक्त स्थानीयवासीलाई जनचेतामुलक कार्यक्रम सन्चालन गर्ने नीति लगिएको छ ।

२. जलवायु परिवर्तनका कारण हुन सक्ने वातावरणीय प्रभावलाई सन्तुलन कायम गर्न विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

(ङ) विपद् व्यवस्थापन, बारुण यन्त्र, एम्बुलेन्स सम्बन्धी

१. मानविय र पशुजन्य विपद्लाई नियन्त्रण एवं व्यवस्थापन गर्नका निम्ती निर्माण गरिएको विपद् व्यवस्थापन कोषलाई अझ व्यवस्थित र उपयोगी बनाउदै जाने नीति रहेको छ ।

२. विरामीहरुको जिवन रक्षाको निम्ति छिटो छरितो उपचारको लागि प्रभावकारी एम्बुलेन्स (हवाई तथा गाडी) को उचित व्यवस्था गरिने नीति रहेको छ ।

३. सम्भावित आगलागिलाई नियन्त्रण गर्न वाटर हाईड्रेन्डको व्यवस्था गरिने छ।

(५) सुशासन तथा संस्थागत विकास समिति

(क) सेवा प्रवाहको मापदण्ड, स्थानीय सेवा तथा जनशक्ति विकास सम्बन्धी,

१. जनसेवालाई अझ प्रभावकारी र व्यवस्थित वनाउन विभिन्न ऐन नियम र कार्यविधि निर्देशिका ४६ वटा जारी गरिसकिएको छ ।यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई जनसेवालाई सुदृढ र जनमुखी बनाउने नीति लिइएको छ ।

२. जनसेवालाई सहज बनाउन प्राप्त स्रोत र साधनको समुचित उपयोग गरी सेवाप्रवाहकर्ताले मुस्कान सहितको सेवाको अवधारणालाई संस्थागत गर्दै लैजाने नीति लिइएको छ ।

३. सुशानसन अभिवृद्धीका लागि पालिकाबाट प्रवाह हुने सेवा सुविधालाई डिजिटल नागरिक पत्र एवम टेलिभिजन डिसिपेले मार्फत सर्वसाधारणलाई जानकारी गराइनेछ ।

४. कार्यालय बाट नागरिकलाइ उपलब्ध गराउने सार्वजनिक सेवा लाइ गुणस्तरिय बनाउनका लागी कर्मचारीहरुको जेष्ठता, विज्ञता र सेवा समुह अनुरुपको जिम्मेवारी दिइने छ।

(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी,

१. संस्थागत विकास नै पहिलो प्रथामिकता भएकोले कार्यालयलाई श्रोत र साधन सपन्न बनाउन सार्वजनिक खरीद प्रकृया नै पहिलो आधार भएको हुँदा यसैको आधारमा गाउँपालिकाबाट सम्पादन हुने सवै कार्यहरु कानुन सम्बद्ध गर्दै मितव्ययी र नियममा आधारित गाउँपालिका बनाउने नीति लिएको छ ।

२. गाउँपालिकाको नाममा रहेको चलअचल सम्पति संरक्षणको जिम्मेवारी जनप्रतिनिधि, कर्मचारी र गाउँपालिकावासी सवैको हो । हाल सम्म प्राप्त भएका र पछि प्राप्त हुने सवै खाले साधन वा



प्रेम बहादुर लामा
अध्यक्ष

चलअचल सम्पतिलाई संस्थागत दायित्वमा पर्ने भएकाले सबैलाई अपनत्वका भावनाको विकास हुनु संस्थागत आवश्यकता र अनुशासन भित्र पर्दछ । त्यसैले सबै पक्षले सार्वजनिक सरकारी सम्पतिको प्रयोगमा मितव्ययीता, संरक्षण एवं सम्बर्द्धन र दिगो प्रयोग गर्ने नीति लिएको छ ।

३. सार्वजनिक खरिद र सम्पति व्यवस्थापनका लागि अनलाइन मार्फत व्यवस्थित पाम्स सफ्टवेयरमा सम्पतिको लेखाजोखा र तथ्यांक राखि आम्दानी र खर्च निकासी गरिदै आईरहेको छ । गाउँपालिका सदैव यसै प्रणालीमा रहेर सरकारी जिन्सी व्यवस्थापन चलाउने नीतिलाई निरन्तर दिइने छ ।

(ग) सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय सम्बन्धी,

१. संघीय संरचना अनुसार तीन तहको सरकार सन्चालन भईरहँदा हरेक तहको एक आपसमा अन्तर सम्बन्ध हुनु अत्यावश्यक छ । यस गाउँपालिकाबाट पनि संघ, प्रदेश सरकार र अन्य स्थानीय तह वीच हरेक विकास साझेदारी तथा कानुनी प्रावधानलाई सहकार्य गरिरहेको छ । यसलाई थप मजबुद तथा प्रभावकारिता गर्दै जाने र अन्तरदेशिय तथा अन्य स्थानीय तह वीच भगेनी सम्बन्ध कायम गर्ने नीति लिएको छ ।

२. जनसेवा वडास्तरमै आउने वा सम्पादन हुने भएकाले जनसेवालाई अझ प्रभावकारी वनाउन गाउँपालिकाको र वडा वीच छलफल, सल्लाह, सहकार्य, अन्तरसम्बन्ध एवं समन्वयको पाटोलाई प्रभावकारी वनाई जनसेवामुखी र जनउत्तरदायी बनाउन गाउँपालिका र वडाहरु वीच सम्बन्ध र समन्वयमा सदैव लागि रहने नीति लिइएको छ ।

(घ) बैठक व्यवस्थापन सम्बन्धी,

१. वडा र गाउँपालिकामा आउने सवै खाले काम र सो संग सम्वन्धीत वाधा वा समस्याहरुको समाधानका लागि समयमै बैठक र छलफल हुनु आवश्यक भएकाले सरकारी ऐन नियमले तोकेको भन्दा पनि गाउँपालिकाको हित र विकासका लागि बढि भन्दा बढि छलफल र बैठकको आयोजना गर्ने नीतिको निरन्तता लिइएको छ ।

(ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी,

१. गाउँपालिकामा रहेका बजारमा विक्री हुने सवै खाले खाद्य वस्तुको गुणस्तर र मापदण्डलाई स्वास्थ्यपरक बनाउन बजार अनुगमन गरी समान नापतौल र मूल्य एकिन तथा अखाद्य वस्तुको नियन्त्रण र नियमन गरी खाद्य सुरक्षा प्रति गम्भीर ध्यान दिने नीति लिएको छ ।

(च) आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धी

१. गाउँपालिकाबाट सम्पादन हुने सवै खाले कृयाकलाप नियमित हुँदै आइरहेको आन्तरिक र अन्तिम लेखापरीक्षण गराउनु हाम्रो दायित्व हो । यस लेखापरीक्षणक्रममा औल्याएका विषयलाई



प्रेम बहादुर लामा
अध्यक्ष

पृष्टपोषणका रुपमा लिई कानुनी र जिम्मेवारीपूर्ण कार्यसम्पादन गर्ने परिपाटीको सृजना गर्ने र बेरुजु न्यूनीकरण गर्न सबै सरोकारवालाई सचेत गराउँदै अघि बढ्ने नीति लिइएको छ ।

(छ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण सम्बन्धी,

१. सरकारी विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी र विभुषणलाई निरन्तरता दिई स्थानीय विदा र जात्रालाई विशेष मान्यता दिइने स्थानीय मान्यता अनुसारका चाडपर्वलाई स्थानीय विदा दिने नीति लिइएको छ ।

(ज) राजश्व नीति तथा प्रशासन सम्बन्धी,

१. गाउँपालिकाको आन्तरिक आम्दानीको वृद्धि गर्न बढि भन्दा बढि करका दायरा क्षेत्रको खोजी र विस्तार गर्ने र आन्तरिक राजश्व वृद्धि गरी आन्तरिक श्रोतलाई सवल र सक्षम वनाउने नीति लिएको छ ।

२. गाउँपालिकाले जारी गरेको आर्थिक ऐन बमोजिम सबै खाले वस्तु र विषयलाई करको दायरामा ल्याउने र प्राप्त राजश्वलाई गाउँपालिकाको बढोत्तर हित र विकासमा प्रयोग गरीने नीति लिएको छ ।

३. राजश्व संकलनका लागि गाउँपालिका र सवै वडाहरुमा अनलाइनको प्राणालीबाट राजश्व संकलनलाई सबल र प्रभावकारी गरिने छ ।

(झ) वित्तीय जोखिम न्युनिकरण, आर्थिक प्रशासन तथा बेरुजू फछ्यौंट सम्बन्धी,

१. आर्थिक प्रशासन शाखाबाट गाउँपालिकाको वित्तीय जोखिम न्यूनिकरणका लागि मध्यकालिन खर्च संरचनाको आधारमा वित्तिय अनुशासनमा रही आम्दानी र खर्चको व्यवस्थापन गर्दै आइरहेको छ । यसलाई अझ प्रभावकारी वनाउँदै लैजाने नीति लिइएको छ ।

२. खर्च मितव्ययीता र बेरुजु न्यूनिकरण तथा सैद्धान्तिक एवं असुल उपर गर्नु पर्ने प्रकृतिका बेरुजु सम्परिक्षण गरी बेरुजु शुन्यमा झार्नु गाउँपालिकाको कर्तव्य भएकाले आगामी बर्षमा यसलाई महत्वपूर्ण कार्य सम्झी बेरुजु कम गर्दै लैजाने नीति लगिएको छ ।

(ञ) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी,

१. गाउँपालिकामा कुनै पनि मानव अधिकार माथि हनन् र तत्सम्बन्धी कार्य गर्ने गराउन वा प्रेरित गर्न पाईने छैन । मानव अधिकारयुक्त गाउँपालिका वनाउने नीति लिइएको छ ।

२. गाउँपालिकामा न्यायिक सम्पादनका लागि स्थानिय सरकार सन्चालन ऐन २०७५ ले दिएको अधिकार प्रयोग गरी निपष्क्ष र न्यायोचित ढंगले न्याय समितिले काम गर्ने नीति लिएको छ ।

प्रेम बहादुर लामा
अध्यक्ष

३. गाउँपालिकामा भएका विभिन्न किसिमका विवादहरुको समाधान निम्ति न्याय समिति मार्फत सम्पादन गरी विवाद शुन्य गाउँपालिका वनाउँदै लगिने नीति रहेको छ ।

४. वडास्तरिय न्यायिक तथा मेलमिलाप समितलाई सवल र प्रभावकारी बनाउन विभिन्न कानुनी प्रावधानका विषयमा अभिमुखीकरण सन्चालन गरी न्यायिक सम्पादनका क्षेत्रलाई प्रभावकारी वनाउन सहज गराउने नीति लिइएको छ ।

५. न्यायिक समितिमा मुद्दाको लागी आउने वादीप्रतिवादीहरु मध्ये अति विपन्न/, ज्येष्ठ नागरिक, अपाङ्ग, एकल महिलाहरुलाई मुद्दाप्रतिउत्तर दर्ता गर्दा लाग्ने शुल्क वडाकार्यालयको / सिफारिसमा निजलाई मिनाहा गरि न्यायमा कमजोर वर्गको पहुँच स्थापित गरिनेछ।

६.

(ट) योजना, अनुगमन तथा मूल्यांकन र तथ्यांक व्यवस्थापन सम्बन्धी,

१. यस गाउँपालिकाबाट कार्यान्वयन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको प्रार्दशिकता जिम्मेवारीता, जवाफदेही र सवल एंव प्रभावकारीता ल्याउनका लागि गाउँपालिका स्तरिय योजना अनुगमन तथा मूल्याकनको पाटोलाई अझ कसिलो, पेचिलो र सकृय बनाउँदै आयोजनाको सार्वजनिक लेखापरीक्ष गर्ने नीति लिइएको छ ।

२. गाउँपालिका स्तरिय सूचना तथा तथ्यांकहरुलाई व्यवस्थित बनाउन सवै शाखाहरुलाई सुचनामैत्री सुविधा सम्पन्न बनाई गाउँपालिकाको तथ्यांक व्यवस्थापन विश्वासिलो भरपर्दो र बलियो बनाउँदै लगिने नीति लिइएको छ ।

(ड) सुशासन प्रवर्धन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण सम्बन्धी,

१. गाउँपालिकाको प्रशासनिक र वित्तिय शुसासन प्रवर्धन तथा कायमका लागि सदैव कृयाशिल रहने र गाउँपालिकाद्धारा सम्पादन गरिएका आयोजना तथा कार्यक्रमको चौमासिक र वार्षिक प्रगति प्रतिवेदन लगायत चौमासिक, वार्षिक समिक्षा र सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गरी गाउँपालिकालाई पारर्दशिक बनाउने नीति लिइएको छ ।

२. हरेक आयोजना तथा कार्यक्रम कार्यन्वयन पश्चात सम्बन्धीत सरोकारवालाहरुले समुदायस्तर सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गरेमा मात्र कार्यक्रमको अन्तिम भुक्तानी दिने कानुनी प्रवधानलाई अझ बलियो बनाई सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गरेको फोटो र दावि विरोधको सूचना समेतको प्रावधान राखी गाउँकार्यपालिकाले भुक्तानी दिने निर्देशन सहितको निर्णय अनिवार्य पेश गर्नु पर्ने नीति लिइएको छ ।

३. गाउँपालिका भित्र सन्चालित सवै कार्यक्रमहरुको निरन्तर अनुगमन तथा मूल्यांकनको प्रणालीमा राखी सुशासन कायम गरिने नीति लिइएको छ ।

प्रेम बहादुर लामा
अध्यक्ष

ड) नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तर निकाय समन्वय सम्बन्धी

१. गाउँपालिकाबाट सम्पादन गरिएका कामको नागरिक लेखाजोखाको लागि कार्यालयमा नागरिक सन्तुष्टी सर्वेक्षण फाराम राखिको छ यसलाई नागरिकको भावनालाई कदर गर्दै गाउँपालिकाको हित र विकास एवं सुरक्षाको निम्ती सदैव अघि बढ्ने नीति लिइएको छ ।

२. "हाम्रा कुरा अध्यक्ष संग" भन्ने टोल फ्रि नम्बरबाट सेवा प्रवाह र विकास निर्माणका बिषयमा जनचाहाना र गुनासाहरु सुन्ने र सुनाउनका लागि प्रत्येक हप्ताको शुक्रबार प्रत्यक्ष नागरिक संग जोडिने कार्यक्रम गरिने छ ।

३. गाउँपालिकाको कार्यक्षेत्रसंग सम्बन्धित विकास साझेदार र गैह्रसरकारी संघ संस्थाहरुको कामकारवाही पारदर्शी जवाफदेही र प्रभावकारी बनाउन नियमित वैठक छलफल गरिनेछ ।

४. विकास साझेदार र गैह्रसरकार संघ संस्थाहरुको समन्वयका लागि गाउँपालिकास्तरिय एनजिओ डेक्सको स्थापना गरीने छ । अनुगमन प्रतिवेदन र समीक्षा गरी लगानी मैत्री वातावरण निर्माण गर्ने नीति लिइएको छ ।

५. सार्वजनिक खर्चमा मितव्ययीता र अनुत्पादक खर्चमा लगानी कटौती गर्दै विनियोजित बजेटमा कुशल कार्यान्वयन दक्षता र वित्तिय अनुशासन कायम गर्न र कार्यक्रम संशोधन गर्न र दोहोरो नपर्ने गरी योजना तथा कार्यक्रम तय गरी यथार्तपरक बजेटको प्रस्ताव गर्ने नीति लिइएको छ ।

६. गाउँपालिकाको पन्चबर्षिय आवाधिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्न मद्दत पुर्याउने उत्पादन र उत्पादकत्व बढाउने खाल्का आयोजनालाई बढि केन्द्रीत हुने नीति लिइने छ ।

७. आवधिक योजना र मध्यमकालिन खर्च संरचनाको आधारमा योजनाहरुको तर्जुमा गरी योजना बैंकलाई प्रथामिकता दिइने र क्रमशः खुद्रा योजनालाई निरुत्साहित बनाउँदै लगिने ।

८. सार्वजनिक प्रशासनलाई जनसेवामुलक र शुसासन बनाउन कर्मचारीहरुलाई छिटो छरितो चुस्त प्रभावकारी जनताप्रति उत्तरदायी जवाफदेही अनुशासन र सुशासनयुक्त बनाउन सुविधायुक्त संगठन तथा व्यवस्थापन गरिने नीति लिइएको छ ।

(ण) जनशक्ति प्रोत्साहन तथा पुरस्कार सम्बन्धी

१. गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कर्मचारी आचार संहिता अनुसार असल कार्यसम्पादन गरेवापत उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरिने नीतिलाई निरन्तता दिइएको छ ।

२. गाउँपालिकामा कर्मचारीहरुलाई टिकि राख्न र सेवामा आर्कषित गर्न कर्मचारीले गर्ने जनसेवाप्रतिको कार्य प्रकृति र जिम्मेवारी एवं सम्पादन मूल्याकनका आधारमा प्रोत्साहन वापतको भत्तालाई निरन्तता दिईने छ ।



प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner

३. गाउँपालिकाको लागत अनुमान भन्दा बढि विकास निर्माण गर्ने र तोकिएको समय भन्दा अगावै आयोजना सम्पन्न गर्ने उपभोक्ता समिति र ठेकेदारलाई प्रशंसा पत्र प्रदान गर्ने नीति लिइएको छ ।

४. जनशक्ति उत्दपादनमा प्रोत्साहन दिलाउन लोक सेवाको प्रथम पत्र उर्तिण भएका प्ररिक्षार्थीहरुलाइ कम्तिमा ३ महिनाको ट्यूसन फि दिने नीति लिइएको छ ।

गाउँसभाका सदस्यज्युहरु,

हाम्रो सामू विद्यमान रहेका असंख्य चुनौतीका चाङहरुलाई वैज्ञानिक, जनमूखी र उत्तरदायीपूर्ण योजना तथा कार्यक्रमहरुमार्फत अवसरमा रुपान्तरण गर्ने अहंम जिम्मेवारीबोध निर्वाचित जनप्रतिनिधिहरुलाई आइलागेको छ। व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको पूर्ण प्रयोग गर्दै "शिक्षित नाम्खा र स्वावलम्वी नाम्खाली " बनाउन सदैव लागिपरिरहने प्रतिबद्वता यस सम्मानित गाउँसभामा राख्न चाहन्छु। नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने हुम्ला जिल्लाबाट प्रतिनिधित्व गर्ने संघिय तथा प्रदेश सभाका सदस्यज्युहरु, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू,वडा अध्यक्ष ज्यूहरु, कर्मचारीहरु, कार्यापालिका सदस्य ज्युहरु, विषयगत शाखाका कर्मचारीहरु, समितिका पदाधिकारी ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, विभिन्न सरकारी एवंम गैर सरकारी निकायका प्रमुख एवम प्रतिनिधि ज्यूहरु,नागरिक समाजका अगुवा,पत्रकार मित्रहरु लगायत सम्पूर्ण नाम्खावासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन ब्यक्त गर्दछु ।

प्रेम बहादुर लामा
गाउँपालिका अध्यक्ष